# विजयनगर गाउँपालिका छोरी बचाउँ छोरी पढाउँ अभियान सञ्चालन निर्देशिका

**२०७८**

कार्यपालिकाबाट स्वीकृत मिति: २०७८।०५।२०

समाजमा रहेको छोरी प्रतिको नकारात्मक मनोबृतिलाई निश्तेज पारी लैङ्गिक समानता कायम गर्न तथा घरायसी बिविध कारणबाट शिक्षाको उज्यालो घामबाट बञ्चित हुन पुगेका तथा कक्षा छाड्नेहरुको हालको अवस्थालाई मध्यनजर गरि आगामी दिनहरुमा त्यसो हुन नदिन र छोरा र छोरीबीचको भेदभाव अन्त्य गर्नका लागि गाउँपालिकाबाट छोरी बचाउँ छोरी पढाउँ अभियानका माध्यमबाट कार्यक्रम सञ्चालन गर्न बाञ्छनीय भएकाले **स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२** को अधिकार प्रयोग गरि विजयनगर गाउँकार्यपालिकाले यो निर्देशिका बनाई लागू गरेको छ।

## १ संक्षिप्त नाम र प्रारम्भ

१.१ यो निर्देशिकाको नाम **विजयनगर गाउँपालिका छोरी बचाउँ छोरी पढाउँ अभियान सञ्चालन निर्देशिका २०७८** रहने छ।

१.२ यो निर्देशिका गाउँकार्यपालिका बैठकले स्वीकृत गरि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

## २ परिभाषा

२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

**सन्तान:-** भन्नाले विजयनगर गाउँपालिका क्षेत्र भित्र बसोबास भएका विवाहित दम्पत्तिबाट जन्मिएका पहिलो छोरीलाई बुझिनेछ। सो सब्दले पहिलो,दोस्रो वा सो भन्दा बढी सन्तान छोरा भएकोमा सो पछि जन्मिएको पहिलो छोरी समेतलाई जनाउनेछ।

**कोष:-** भन्नाले बचतका माध्यमबाट भविश्यको आर्थिक बोझ कम गर्ने तथा सहज जीवन निर्वाह गरि आत्मसम्मानसाथ जीउने वातावरण निर्माणका लागि पहिलो सन्तानको नाममा रहेको बैंक खातामा गाउँपालिकाबाट निर्णय भए बमोजिम जम्मा हुने रकमलाई बुझिनेछ।

**हकवाला:-** भन्नाले निर्देशिकाको बुँदा नं ७.१ बमोजिमको हकवाला बुझिनेछ।

**संरक्षक:-** भन्नाले निर्देशिकाको बुँदा नं ७.२ बमोजिमको संरक्षकलाई बुझिनेछ।

**गाउँपालिका :-** भन्नाले विजयनगर गाउँपालिकालाई बुझिनेछ ।

**कार्यपालिका:-** भन्नाले विजयनगर गाउँकार्यपालिका सम्झनु पर्दछ ।

**निर्देशक समिति:-** भन्नाले बुंदा नं ४ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

**३ कोषको स्थापना तथा सञ्चालन**

३.१ विजयनगर गाउँपालिकाको नाममा रहेको बैंक खातामा गाउँसभाले निर्णय गरेबमोजिमको रकम कोषको रुपमा हुनेछ ।

३.२ गाउँपालिकाको कोषमा जम्मा भएको रकम निर्देशक समितिको शिफारिस बमोजिम तोकिएको मापदण्ड पूरा गरेका विवाहित दम्पत्तीका पहिलो छोरीको नियमानुसार खोलिएको बैंक खातामा गाउँपालिकाले सोझै एकमुष्ठ वीउ पूँजीकोषको रुपमा जम्मा गरिदिनेछ ।

३.३ अविभावकले चाहेमा सो कोषमा आफ्नो इच्छा अनुसारको थप रकम जम्मा गर्न सक्नेछन्।

३.४ बुंदा नं. ३.१ बमोजिमको कोषको सञ्चालन तथा व्यवस्थापन यसै निर्देशिका बमोजिम गठन हुने कार्यक्रम निर्देशक समितिको निर्णय बमोजिम हुनेछ ।

४ **कार्यक्रम निर्देशक समिति:-** कार्यक्रमको सञ्चालन,रेखदेख,नियमन,निर्देशन र व्यवस्थापन गर्न देहाए बमोजिम सदस्य रहने एक कार्यक्रम निर्देशक समिति रहनेछ:

| | |
|---|---|
| गाउँपालिकाका अध्यक्ष | अध्यक्ष |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| गाउँपालिका सम्पूर्ण वडाका वडाअध्यक्ष | सदस्य |
| अध्यक्षले तोकेका गाउँकार्यपालिकाका एक जना महिला सहित २ जना | सदस्य |
| गाउँपालिका स्वास्थ्य संयोजक | सदस्य |
| गाउँपालिका आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य-सचिव |

गोपाल बहादुर थापा
अध्यक्ष

## ५ निर्देशक समितिको काम,कर्तव्य र अधिकार

५.१ अभियानका बारेमा प्रचार-प्रसार,यसको प्रभाव,उद्धेश्य लगाएत विषयमा जनमानसमा जानकारी गर्ने/गराउने ।

५.२ अभियान सँग सम्वन्धित प्रस्ताव तथा कार्यक्रमहरु आवश्यकता अनुसार स्वीकृत गर्ने

५.३ अभियानको उद्धेश्य प्राप्तिका लागि आवश्यक नीति.कार्यक्रम तथा योजना तर्जुमा गर्ने/गराउने

५.४ अभियान सञ्चालनका क्रममा आइपर्ने समस्या तथा विवादहरुको निरोपण गर्ने

५.५ कार्यक्रमको अनुगमन,मूल्याङ्कन तथा सुपरीवेक्षण गर्ने

५.६ कोष सञ्चालनका लागि आवश्यक नीति निर्माण गर्ने/गराउने ।

निर्देशक समितिको बैठक सामान्यतया **तीन महिनामा एक पटक** बस्नेछ तर अध्यक्षको आदेश बमोजिम आवश्यकता अनुसार बैठक बस्न सक्नेछ ।

## ६ रकम दावी गर्न पूरा गर्नुपर्ने मापदण्ड

६.१ मान्यता प्राप्त सरकारी स्वास्थ्य संस्थामा नियमानुसार नियमित रुपमा गर्भवतीको जाँच गराएको हुनुपर्ने

६.२ बच्चा जन्मेको ३५ दिनभित्र अनिवार्य रुपमा नियमानुसार जन्मदर्ता गराएको हुनुपर्ने

६.३ विवाहित दम्पत्तीले अनिवार्य रुपमा विवाह दर्ता गरेको हुनुपर्ने

६.४ विवाहित दम्पत्तीको पहिलो छोरी हुनु पर्ने

६.५ गाउँपालिकाले खातामा जम्मा गरिदिने रकम जम्मा भएको २० बर्ष सम्म खर्च नगर्ने वा नझिक्ने प्रतिबद्धता गरेको हुनुपर्ने

६.६ अनुसूची १ बमोजिमको ढाँचामा निवेदन तथा अनुसूची २ बमोजिमको ढाँचामा प्रतिवद्धता व्यक्त गरेको हुनुपर्ने ।

गोपाल बहादुर थापा
अध्यक्ष
विजयनगर गाउँपालिका

## ७ हकवाला तथा संरक्षक

७.१ सन्तान १८ बर्ष नपुग्दासम्म नीजको बुवा-आमा तथा सन्तान १८ बर्ष पुगेको अवस्थामा स्वयं सन्तान नै यसको हकवाला हुनेछ।

७.२ एकाघर सगोलको बुवा,आमा,हजुरवा,हजुरआमा,काका,काकी,मामा,माईजु तथा सौतेनी आमा समेत संरक्षकको रुपमा रहन सक्नेछन।

## ८ जनशक्ति परिचालन

८.१ अभियान सञ्चालनका लागि निर्देशक समितिले गाउँपालिकामा उपलव्ध जनशक्ति आबश्यकता अनुसार परिचालन गर्न सक्नेछ।

८.२ गाउँपालिका स्वास्थ्य शाखा यस अभियानको महत्वपूर्ण अङ्ग मानिनेछ।

८.३ विजयनगर गाउँपालिका अन्तर्गत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई लगत सङ्कलन तथा रिपोर्टङ्गका लागि परिचालन गरिनेछ।

## ९ अनुगमन तथा मूल्याङ्कन

९.१ यस अभियानको विजयनगर गाउँपालिकाले समय-समयमा अनुगमन मूल्याङ्कन गर्ने आवश्य राय सुझाव दिने तथा अन्य निकायहरुबाट अनुगमन मूल्याङ्कन गर्ने/गराउने काम गर्नेछ।

## १० बैठक भत्ता सम्वन्धि व्यवस्था

१०.१ निर्देशक समितिको बैठक बापत नियमानुसार बैठक भत्ता पाउने छ। एक महिनामा एक भन्दा बढी बैठकको भत्ता लिन पाईने छैन।

## ११ संसोधन तथा खारेजी

११.१ यो निर्देशिका विजयनगर गाउँकार्यपालिकाले आवश्यकता अनुसार संसोधन तथा थपघट गर्न सक्नेछ।

११.२ यो निर्देशिका नेपालको संविधान र अन्तर्गत संघीय वा प्रदेश कानुन संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

अनुसूची १

निवेदनको ढाँचा

बच्चाको फोटो

श्रीमान अध्यक्ष ज्यू
विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय खुरुहुरीया, कपिलवस्तु,
लुम्विनी प्रदेश, नेपाल ।

विषयः- बैंक खातामा रकम जम्मा गरिदेने बारे ।

प्रस्तुत विषयमा म ......................र मेरो श्रीमान/श्रीमती....................को पहिलो सन्तानको रुपमा छोरी ............................ को मिति .................... मा ................ स्वास्थ्य चौकी/ अस्पतालमा जन्म भई मिति .........................मा.....नं. वडा कार्यालयमा जन्म दर्ता समेत गराइसकेकोले मेरो छोरीको ................................ बैंकमा रहेको खाता नं. ......................... मा तहाँ कार्यालयको **छोरी वचाउ,छोरी पढाऔं** अभियान अन्तर्गत उपलव्ध गराउने रु १५०००/- (पन्ध्र हजार) नियमानुसार उपलव्ध गराई दिनु हुन अनुरोध छ ।

संलग्न कागजातहरु

१. गर्भवती जाँच गरेको स्वास्थ्य शाखाको सिफारिस ।
२. जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. सम्वन्धित वडा कार्यालयबाट पहिलो छोरी भएको प्रमाणित गरेको सिफारिस ।
५. जम्मा गरेको २० वर्ष सम्म रकम नझिक्ने प्रतिवद्धतापत्र ।

निवेदकः

नाम थरः

ठेगानाः

दस्तखतः

अनुसूची २

प्रतिवद्धतापत्र

विजयनगर गाउँपालिका वडा नं......... कपिलवस्तु बस्ने म/हामि १ ...........................२.................... प्रतिवद्धता गर्दछु/छौ की मेरो/ हाम्रो छोरी ............................ को नाममा तहाँ कार्यालयबाट प्राप्त बैंक खातामा रहेको रकम छोरी बीस वर्ष उमेर नपुग्दा सम्म निकाल्ने वा खर्च गर्ने छैन । प्रतिवद्धता विपरित भए/गरेमा गाउँपालिकाबाट हुने कानुन बमोजिम कारवाही भोग्न तयार हुनेछु/छौं ।

दस्तखत

श्री ......................

श्री ......................